# सहकारीको वर्तमान **अवस्था** तथा भावी कार्यदिशा



राष्ट्रिय सहकारी बैंकद्धारा उत्पादित सामाग्री

## वर्तमान तरलता संकुचन र वित्तीय संकट कस्तो हो र यसका कारणहरु के हुन सक्छन् ?



## तरलता संकट...

- ➢ तरलता संकट नगद प्रवाहमा हुने नकारात्मक वित्तिय अवस्था हो ।
- ➢ तरलता संकट त्यस्तो अवस्था हो जहाँ बचतकर्ताहरुको बचत फिर्ताको माग समान्य अवस्था भन्दा अत्याधिक ठूलो मात्रामा हुन्छ र वित्तिय संस्थाहरुले उच्च ब्याजदरमा बचत स्वीकार गर्नमा बाध्य हुनु पर्दछ ।
- ➢ तरलता संकट सामान्यतया अप्रत्यासित रुपमा अनपेक्षित आवश्यक्ताका कारण पैदा हुन्छ ।

## वर्तमानमा वित्तीय शंकटका कारणहरु

### वृहत अर्थतन्त्र

२०७९/०८० को प्रथम ७ महिना

- विप्रेषण आप्रवाहमा कमी, (अघिल्लो वर्ष रु ५६७.७ अर्ब यस बर्ष रु.५४०.१२ अर्ब ) (नेरा बैंक)
  तर, २०७९/०८० को प्रथम ७ महिनामा २७.१% ले बढेको छ ।
- सरकारी पुँजीगत खर्चमा कमी हुनु,
  **संघीय सरकारको खर्च रु.६६७ अर्ब ६६ करोड र राजस्व परिचालन रु.५१४ अर्ब ६९ करोड रहेकोछ ।**
- भुक्तानी असन्तुलन (व्यालेन्स अफ पेमेन्ट),
  यद्यपी राष्ट्रको तथ्यांकले १९.२% ले घटेको देखिन्छ ।
- कोभिड पश्चात अर्थतन्त्रले विस्तारै गति लिनु,
- मुद्रास्फितीमा वृद्धि (अघिल्लो आ.व.को यहि अवधिमा ४.०४% बाट बढेर हाल ७.८८%)
- **बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ५.० प्रतिशतले बढेकोछ र निजी क्षेत्रमा प्रवाहित कर्जा ३.२ प्रतिशतले बढेकोछ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १०.५ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ३.९ प्रतिशत रहेकोछ ।**

**खर्च भन्दा राजस्व परिचालन कम**

## वर्तमानमा तरलता शंकटका कारणहरु...

## वृहत अर्थतन्त्र

- २०७८ आश्विनको मुद्राप्रदाय २.२% रहेकोमा २०७९ माघमा ४.७%ले वृद्धि, वार्षिक वृद्धिदर ८.८% रहेको देखिन्छ।
- कोभिड पश्चात भाखा नाघेका कर्जामा वृद्धि हुनु,
- अनौपचारिक क्षेत्र मार्फत विप्रेषण रकम स्थानान्तरण (जस्तै हुन्डी) हुनु,
- बन्दाबन्दीपछि व्यापार व्यवसाय सञ्चालनमा आएपछि तरलताको अत्याधिक माग हुनु,
- बैंकहरुको निक्षेपमा कर्जाको अनुपात (सिडि) ९० प्रतिशतसम्म पुऱ्याउन सक्ने मौद्रिक नितीका कारण बैंकहरुको कर्जा लगानी बढ्नु,
- **कोभिडका कारण गुमेको रोजगारीहरु विस्तारै पुरानै लयमा फर्कने क्रम जारी हुनु,**
- पर्यटन तथा यातायात व्यवसायले गति लिन नसक्नु,

## वर्तमानमा वित्तीय शंकटका कारणहरु...

## सहकारीमा किन देखियो संकट

### क) गैर प्रणालीगत कारण (प्रणालीगत कारण बाहेक थप समेत)

१. अभियानमा छविको जोखिम,
२. वित्तीय उत्पादन र सेवाहरुको मूल्य निर्धारणमा समस्या,
३. बजारीकरणका रणनैतिक अभ्यासहरुको कमी,
४. अत्याधिक रुपमा खराब कर्जाहरु,
५. घरजग्गा जस्ता नकमाउने स्थिर सम्पत्तिमा अत्याधिक लगानी,
६. कर्जा व्यवस्थापनमा व्यवहारिकता हेरिनु,
७. कतिपय डोसरी कर्जामा समस्या

## वर्तमानमा वित्तीय शंकटका कारणहरु...

## सहकारीमा किन देखियो संकट...

### क) गैर प्रणालीगत कारण (प्रणालीगत कारण बाहेक थप समेत)

८. सम्पत्ति तथा दायित्व व्यवस्थापन **(Assets Liabilities Management)** को प्राविधिक समस्या,
९. ऋणको वर्गिकरण नहुनु,
१०. ऋण जोखिम कोषहरुको पर्याप्ततामा ध्यान नदिनु,
११. तरलता जोखिमको मापन नगरी वित्तीय असन्तुलन कायम गर्नु,
१२. सहकारीको नियमित वित्तीय स्वास्थ्य जाँच नहुनु,
१३. बचतको अनुपातमा तरलता कायम गर्ने पर्याप्त र ठोस योजना नहुनु,
१४. अभियानको अपिल र विज्ञप्तिमा साझा बुझाई नहुनु,

## वर्तमानमा वित्तीय शंकटका कारणहरु...

## सहकारीमा किन देखियो संकट...

### ख) सरकारी कानुन तथा निर्देशन

१५. जग्गाको कित्ताकाट रोकिएका कारण जग्गा विक्रि गरेर तरल सम्पत्ति बढाउने योजना सफल नुहुन,
१६. कर्जा सुचना केन्द्र स्थापना नभएका कारण कर्जा असुलीको कानुनी प्रक्रियाहरु लम्बिनु,
१७. ऋण असुली न्यायाधिकरणको गठनमा ढिलाई,
१८. नियामकिय सुपरिवेक्षणमा ढिलाई,
१९. कर्जाको मूल्य निर्धारणमा सन्दर्भ व्याजदर बाधक हुनु,

## वर्तमानमा वित्तीय शंकटका कारणहरु...

## सहकारीमा किन देखियो संकट...

### ग) अन्य कारणहरु

२०. राष्ट्र बैंकको निर्देशन अनुसार काठमाडौं उपत्यकाको धितोमा ३०% र बाहिरको धितोमा ४०% मात्रै कर्जा प्रवाह गर्न सकिने हुँदा कतिपय अवस्थामा सहकारीको कर्जा माग बढेको र कर्जा प्रवाह समेत भएकोले,

२१. मुद्राको आपुर्ति कम हुँदै गएपछि बैंक वित्तीय संस्थाहरुले आक्रामक रुपमा बजारीकरण गरे, व्याजदरमा छिटोछिटो परिवर्तन गरेका कारण सदस्यहरुले सहकारीको बचत स्वाप गरे,

२२. अन्तर सहकारी कारोबार एउटा अर्को प्रमुख कारण बन्यो,

२३. सदस्य बन्धन (Member Bonding) मा कमि आउँदै गयो,

२४. सहकारीको सदस्यहरुलाई प्रदान गरिने सहकारी शिक्षाका कार्यक्रमहरु हराउँदै गयो,

## सहकारीमा संकट किन आउँछ ?

## आम रुपमा हेर्दा

- वित्तीय स्रोतहरुको सही व्यवस्थापन गर्न नसक्नु,
- १५ प्रतिशत तरलता रहँदा संस्थामा कमाई नहुने डरले थप ऋणहरु लगानी गर्न खोज्नु ,
- संस्थाको तरलता व्यवस्थापन गर्दा उपलब्ध बजारदरहरुको ख्याल नगर्नु,
- ऋणको असुलीदर कमी हुनु,

## सहकारीमा संकट किन आउँछ ?

## आम रुपमा हेर्दा...

- कतिपय नियामकिय प्रावधान बलियो नुहुन,
- तरलताको अनुपात परिक्षण नियमित नुहुन,
- बचतका प्रोडक्टहरु निर्माण गर्दा नगद प्रवाहमा पर्न सक्ने असरको बारेमा ख्याल नगर्नु,
- आवधिक बचत २० प्रतिशत भन्दा बढि हुनु,
- नियमित बचतको अंश कमी हुनु (कम्तिमा ३० प्रतिशत हुनुपर्ने)
- संस्थाको नियमित वित्तीय स्वास्थ्य जाँच नहुनु

## वित्तीय संकटको परिणामः

तुरुन्त भुक्तानी गर्नुपर्ने (Short term Obligation) रुपैयाँ पैसाको अभाव हुन्छ ।

एउटै रकमका लागि पनि तानातान हुन सक्छ ।

## वित्तीय संकटको परिणामः

लगानी भएको कर्जाको किस्ता र ब्याज भुक्तानी समयमा पाइदैन ।

कर्जाहरुको भाखा तथा अवधि नाघ्न थाल्छ ।

## वित्तीय संकटको परिणामः

बचत वृद्धिका लागि ब्याजदरमा अस्वस्थ सौदावाजी हुन्छ ।

फलस्वरुप बचत र कर्जाको ब्याजदर उच्च हुन्छ ।

## वित्तीय संकटको परिणामः

कर्जाको मूल्य वृद्धिसँगै बजारमा वस्तु वा सेवाको मूल्यमा समेत वृद्धि हुन्छ ।

मुद्राको मूल्य घट्न थाल्छ ।

## वित्तीय संकटको परिणामः


बजारमा बस्तु तथा सेवाको अभाव बढ्दै जान्छ ।

बजारमा एकाधिकार देखापर्दछ ।

## वित्तीय संकटको परिणामः

वित्तीय बजारमा असुरक्षाको अवस्था पैदा हुन्छ।

मुद्रा बजारमा चौतर्फी दवाव सिर्जना हुन्छ।




# संकट समाधानको रणनीति
# खुला छलफल

## संकट व्यवस्थापनको लागि अल्पकालिन उपाय :

- सदस्य सम्बन्ध सुधार
- आकस्मिक र साना कर्जा (कुल पुँजीकोषको १% भन्दा साना) बाहेक कर्जा प्रवाह स्थगित,
- हरहमेशा कम्तिमा १०% तरलता कायम,
- स्थिर सम्पत्ति खरिद स्थगित,
- तत्काल नगरी नहुने खर्च बाहेकका खर्चहरु कटौती,
- साधारणसभाका धेरै शिर्षकमा खर्च कटौती,

## संकट व्यवस्थापनको लागि अल्पकालिन उपाय... :

- खराब कर्जा असुलीमा कानुनी उपचार शुरु,
- भुक्तानी लिन बाँकी रकमको असुलीमा कानुनी उपचार शुरु,
- कर्मचारीको दक्षता क्षमता अभिवृद्धि
- डोसरीको वित्तीय अनुशासन
- बजेटरी अनुशासन कायम
- जोखिम कोषको पर्याप्ततालाई प्राथमिकता
- सदस्य शिक्षा

## संकट व्यवस्थापनको लागि दिर्घकालीन उपाय :

- सदस्य सम्बन्ध सुधार
- सदस्य सम्बन्धमा नयाँ रणनीति
- सुशासन परीक्षण
- कानुन पालनाको अवस्था परीक्षण
- रणनैतिक योजना
- व्यावसायिकता
- जोखिम विश्लेषण
- सम्पत्ति दायित्व व्यवस्थापन रणनीति
- वित्तीय व्यवस्थापन रणनीति
- सञ्चालक समिति र व्यवस्थापनको व्यावसायिक क्षमता अभिवृद्धि
- आन्तरिक व्यावसायिक प्रक्रिया

## संकट व्यवस्थापनको लागि दिर्घकालीन उपाय :

- दिगो सदस्य सम्बन्ध
- सुशासन र कानुन पालनामा शुन्य सहनशीलता
- सहकारी सिद्धान्त पालना परीक्षण
- सहकारी मूल्य मान्यता पालना परीक्षण
- समूदाय, नियामक र सरकारसँग सुमधुर सम्बन्ध
- सुरक्षित र भरपर्दो सेवा
- नेतृत्व हस्तान्तरणको योजना
- सञ्चालन सक्षमता (**Operational Efficiency**)
- व्यावसायिक (**Professional**) मानव संशाधन
- संस्थागत पुँजी वृद्धि

## संकट व्यवस्थापनको लागि दिर्घकालीन उपाय :

- लक्ष्य प्राप्तिको लागि रणनीतिको कार्यान्वयन,
- कार्यसंस्कृतिको निर्माण
- समूह निर्माण र नेतृत्व
- स्रोतको उचित प्रयोग (**Optimum Utilization of Resources**)
- सहि समयमा सहि निर्णय (**Right Decision at Right Time**)

## संकट व्यवस्थापनको दिर्घकालीन रणनीति :

**सहकार्यको रणनीति**
- संस्था र सहकारी बैंक अनि संघहरु (सहकारीको पैसा सहकारीमै)

**एकताको रणनीति**
- सहकारी संस्था र सहकारी बैंक र अभियान
- सदस्य, संचालक र व्यवस्थापन

**विश्वासको रणनीति**
- एक आपसमा (सदस्य, संचालक र व्यवस्थापन)
- सहकारी संस्था र सहकारी बैंक

# वित्तीय व्यवस्थापनका टुल्सहरु

## टुल्स १. नगद प्रवाह विश्लेषण टुल्सः उदाहरण

............ सहकारी संस्था लि.

दैनिक/साप्ताहिक/पाक्षिक नगद प्रवाह विश्लेषण

| नगद प्राप्ति विवरण | रकम रु. | नगद खर्च विवरण | रकम रु. |
|---|---|---|---|
| शेयर/बचत निक्षेप | XXX | बचत फिर्ता | XXX |
| ऋण असुली | XXX | ऋण लगानी | XXX |
| आम्दानी | XXX | खर्चहरु | XXX |
| कुल जम्मा (क) | XXX | कुल जम्मा (ख) | XXX |
| नगद प्रवाह (क-ख) | XXX Positive | नगद प्रवाह (क-ख) | (XXX) negative |

## टुल्स २. सम्पत्ति र दायित्वको व्यवस्थापन उदाहरण

............ सहकारी संस्था लि.

| पुँजी तथा दायित्व | प्रतिशत | सम्पत्ति | प्रतिशत |
|---|---|---|---|
| शेयर पुँजी | १५ देखि २० | तरलता | १५ देखि २० |
| बचत निक्षेप | ७० देखि ८० | ऋण लगानी | ७० देखि ८० |
| संस्थागत पुँजी | कम्तिमा १० | स्थीर सम्पत्ति | ५ भन्दा कम |
| अन्य दायित्वहरु | न्युनतम | पाउनुपने हिसाबहरु | न्युनतम |
| खर्च भएर जाने कोषहरु | न्युनतम | | |
| कुल | १०० | कुल | १०० |

## टुल्स ३. तरलता व्यवस्थापनमा व्यवस्थापकले विश्लेषण गर्ने तरिकाः

### उदाहरण

| अवधि पुग्ने क्षेत्र (बकेट) | अवधि पुग्ने दिन | | |
|---|---|---|---|
| | १ देखि ७ दिन (रु) | ८ देखि १४ दिन (रु) | १५ देखि २८ दिन (रु) |
| अवधि पुग्दै गरेका सम्पत्तिहरु | १००० | १५०० | १८०० |
| अवधि पुग्दै गरेका दायित्वहरु | १२०० | १४०० | १६०० |
| फरकता | -२०० | १०० | २०० |
| फरकताको जोड | -२०० | -१०० | १०० |

## टुल्स ४. बचत/निक्षेपको पोर्टफोलियो

### उदाहरण

............ सहकारी संस्था लि.

| बचत/निक्षेप | प्रतिशत |
|---|---|
| नियमित | ३०% |
| आवधिक | २०% |
| ऐच्छिक | ५०% |
| कुल | १००% |

# धन्यवाद

बल्लभ तिमल्सिना
९८४१३२०७८५

राष्ट्रिय सहकारी बैंकद्धारा उत्पादित सामाग्री

नोट...............

.........................................................................................
.........................................................................................
.........................................................................................
.........................................................................................
.........................................................................................
.........................................................................................
.........................................................................................
.........................................................................................
.........................................................................................
.........................................................................................
.........................................................................................